बगनासकाली गाउँपालिका

स्थानीय राजपत्र

स्वास्थ्य कार्यक्रमको कार्यान्वयन तथा कार्यविधि २०७७

बगनासकाली गाउँपालिका

(पारित मिति २०७७/०९/२८)

(१) स्वास्थ्य नीति :

स्वास्थ्य मानिसको सबै भन्दा ठुलो सम्पत्ति हो । स्वस्थ मानिसले मात्र परिवार, समाज र राष्ट्रको विकासमा महत्वपुर्ण योगदान गर्न सक्छ । मुलुक संघियताको अभ्यासमा गएको सन्दर्भमा अहिले स्था(नीय तहमा अधिकार विकेन्द्रित भएको छ । स्थानीय तह स्थानीय सरकारको रुपमा स्थापित भएको छ । प्राप्त अधिकारलाई अर्थपूर्ण बनाई जनताको जीवनस्तरमा सुधार ल्याउन स्थानीय सरकारको रुपमा स्थापित बगनासकाली गाउँपालिकाले स्वास्थ्य क्षेत्रलाई विशेष प्राथमिकतामा राखेको छ । गाउंपालिकाका जनताको स्वास्थ्य अवस्था सुधारका लागि तपशिल बमोजिम अल्पकालिन तथा दीर्घकालिन स्वास्थ्य नीतिहरु, आ.व.२०७४।०७५ को गाउँ परिषदमा बाट पारित गरिएको छ ।

तपशिल :

(क) (१) स्वास्थ्य संस्थाले उपलब्ध गराउने भनी तोकिएका सबै आधारभुत स्वास्थ्य सेवाहरु सम्पुर्ण जनताहरुको पहुँचमा पुऱ्याउने छ ।

२) बगनासकाली गाउँपालिकाभित्र निर्माण कार्य बाकी रहेका सबै स्वास्थ्य संस्थाका भवनहरु निर्माण सम्पन्न गर्न आवश्यक पहल गरिने छ ।

३) आगामी एक वर्ष भित्रमा कम्तिमा एक वटा स्वास्थ्य संस्थामा प्रसुति केन्द्र स्थापना भई सेवा सञ्चालन गरिने छ ।

४) स्वास्थ्य संस्थाभन्दा टाढा रहेका स्थानमा सामुदायिक स्वास्थ्य ईकाइ स्थापना गरी सेवा सञ्चालन गर्न पहल गरिने छ ।

५) गाउँपालिकाको पायक पर्ने स्थानमा १५ शैयाको अस्पताल स्थापना गर्न पहल गरिने छ ।

६) गाउँपालिकाका विपन्न परिवारलाई स्वास्थ्य बिमा गराई स्वास्थ्य सेवाको पहुँचमा बृद्धि गरिनेछ ।

७) घरमा सुत्केरी हुने अवस्थालाई अन्त गर्न आगामी पांच वर्षभित्र गाउँपालिकालाई शुन्य होम डेलिभरी घोषणा गर्ने गरी यस वर्षदेखि सम्पुर्ण वडामा सुरक्षित मातृत्व कार्यक्रम लागु गरिने छ ।

८) गाउँपालिकामा कम्तिमा एक वटा एम्बुलेन्स संचालन गर्न आवश्यक प्रवन्ध गरिने छ । साथै थप एम्बुलेन्स सेवाका लागि साझेदारी कार्यक्रम मार्फत संचालन गर्न सकिनेछ । छ

९) आगामी ५ बर्ष भित्रमा पुर्ण सरसफाई गाउँपालिका घोषणा गर्ने गरी यस वर्षदेखि गाउंपालिकाका वडाहरुमा विशेष सरसफाई कार्यक्रम लागु गरिने छ । शुद्ध खानेपानीको

व्यवस्थापन गरी पानीजन्य रोगलाई न्युनिकरण गरिनेछ ।

१०) बगनासकाली गाउंपालिकालाई बालमैत्री गाउंपालिका घोषणा गर्ने गरी आगामी वर्ष स्वास्थ्य क्षेत्रका सूचकहरु पुरा गर्न आवश्यक पहल गरिने छ । पूर्ण खोप घोषणालाई निरन्तरता दिइने छ ।

११) गाउंपालिकाभित्रका किशोरकिशोरीहरुको स्वास्थ्य सचेतना अभिबृद्धि गर्न कार्यक्रम संचालन गरिने छ ।

१२) गाउँपालिकाभित्र रहेका सबै स्वास्थ्य संस्थाहरुलाई स्वास्थ्यचौकी स्तरको पुर्वाधारको ब्यवस्थापन गरिनेछ । साथै यस्ता पूर्वाधारहरु अपांगमैत्री बनाइने छ ।

१३) स्वास्थ्य संस्थामा कार्यरत कर्मचारी तथा महिला स्वास्थ्य स्वयंसेविकाहरुको कार्यसम्पादन मूल्यांकन गरी उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारी तथा महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई पुरस्कृत गरिने छ ।

१४) गाउँपालिकाभित्र रहेका सम्पुर्ण स्वास्थ्य संस्थाहरुको अल्पकालिन तथा दीर्घकालीन योजना (Health Institution Improvement Plan) तयार गरी कार्यान्वनमा लगिनेछ । उत्कृष्ट कार्यसम्पादन गर्ने गाउँपालिकाभित्रका एक स्वास्थ्य संस्थालाई पुरस्कृत गरिने छ ।

१५) गाउँपालिकाका अशक्त, असहाय, अति विपन्न महिला, बालबालिका तथा जेष्ठ नागरिकको घरदैलोमा स्वास्थ्य सेवा उपलब्ध गराइने छ ।

१६) गाउँपालिकाभित्रका सबै विद्यालयहरुमा विद्यालय स्वास्थ्य तथा सरसफाई कार्यक्रम संचालन गरिने छ ।

१७) गाउँपालिकामा सर्ने र नसर्ने रोगको न्युनिकरण गर्न आवश्यक प्रवन्ध गरिने छ । गाउंपालिकामा मद्यपान तथा सूर्तिजन्य पदार्थको बिक्रि वितरण कार्यलाई निरुत्साहित

गर्न पहल गरिने छ ।

१८) गाउँपालिकामा रहेका स्वास्थ्य संस्थाहरुको औषधि आपूर्ति आकस्मिक मौज्जात र स्वीकृत मौज्दातका आधारमा गरिनेछ ।

१९) आगामी पाँच वर्षभित्र यस गाउँपालिकालाई पूर्ण पोषणयुक्त गाउंपालिका घोषणा गर्नेगरी सुनौला हजार दिनका आमा तथा तिनका बालबालिकाको पोषण सुधारका लागि यस वर्षदेखि कार्य थालनी गरिने छ ।

२०) नयां संरचना अनुसार प्रत्येक स्वास्थ्य संस्थाको स्वास्थ्य सञ्चालन तथा व्यवस्थापन समिति गठन गरी कर्मचारी तथा समितिको क्षमता विकास गरिने छ ।

२१) सुरक्षित मातृत्व सेवाको लागि प्रत्येक स्वास्थ्य संस्थामा आकस्मिक रुपमा प्रेषणका लागि प्रेषण कोषको व्यवस्था गर्दै लगिनेछ ।

२२) स्वास्थ्य सेवाग्राहीहरुलाई सेवा लिन उत्प्रेरित गर्न, पुरस्कार तथा उत्प्रेरणाका कार्यक्रमहरु संचालन गरिने छ ।

२३) महामारी व्यवस्थापनका लागि आवश्यक साधनस्रोत सहित रेपिड रेस्पोन्स टिम सधै तयारी अवस्थामा रहने व्यवस्था गरिनेछ ।

२४) गाउँपालिकाभित्र स्वास्थ्य सम्बद्ध अध्ययन, अनुसन्धान तथा सेवाको नाममा गाउंपालिकाको अनुमति बेगर कुनै क्रियाकलापहरु गर्न नपाउने व्यवस्था गरिने छ ।

२५) यस गाँउपालिकामा स्वास्थ्य सम्वन्धि चेतनामुलक सन्देश प्रचार प्रसारको लागि सञ्चारका सबै माध्यमहरुको प्रयोग गर्न सकिनेछ ।

२६) गाउँपालिकाभित्र स्वस्थ जीवन शैलीको अभ्यासका लागि योग शिविर, स्वास्थ्य शिविर, प्राकृतिक चिकित्साको

अवलम्बन गर्न प्रोत्साहित गरिने छ ।

२७) स्वास्थ व्यवस्थापन सूचना प्रणालीलाई प्रभावकारी र चुस्तदुरुस्त बनाउन सबै स्वास्थ्य संस्थामा कम्प्युटरसहित इन्टरनेटको प्रवन्ध गरिने छ ।

२८) गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरुको अनुगमन गर्न अनुगमन कार्ययोजना तयार गरी लागु गरिने छ ।

२९) गाउँपालिका भित्र स्वास्थ्य सस्थाहरुमा क्रमश आवश्यक(ता अनुसार प्रयोगशाला स्थापना गर्दै लगिनेछ ।

बगनासकाली गाउँपालिका स्वास्थ्य शाखा तर्फ आ.व.२०७७/०७८ को बजेट

क्र.स.	कार्यक्रहरुको बिवरण	बिनियोजित रकम	श्रोत
१	कर्मचारीहरुलाई तलब महँगी भत्ता, पोषाक खर्च	३ करोड ५ लाख	संघीय सरकार
२	क्षयरोग नियन्त्रण कार्यक्रम	२ लाख	संघीय सरकार
	सि.वि.डटस कार्यक्रम	२४ हजार	संघीय सरकार
	क्षयरोग चौमासिक गोष्ठि	१ लाख ६७ हजार	संघीय सरकार
	आर्थिक स्थिती कमजोर भएका पुन उपचार पोषण	९ हजार	संघीय सरकार
३	परिवार कल्याण कार्यक्रम	१७ लाख	संघीय सरकार
	मातृ तथा नवशिशु कार्यक्रम अर्न्तगत अमा सुरक्षा,गर्भवती उत्प्रेरणा सेवा न्यानो झोला र निशुल्क गर्भपतन सेवा	६९५ हजार	संघीय सरकार
	मातृ तथा नवशिशु कार्यक्रम	१० लाख ५ हजार	संघीय सरकार

A	मातृ तथा नवशिशु कार्यक्रम अर्न्तगत निर्देशिकाको नं २,पालिका मा PNC भेट कार्यक्रम	१ लाख १६ हजार	संघीय सरकार
B	निर्देशिकाको नं ३,आमा सुरक्षा प्रजन्न स्वास्थ्य कार्यक्रमहरुको अनुगमन	२० हजार	संघीय सरकार
C	निर्देशिकाको नं ३,अ.न.मी. करार नियुक्ति	६ लाख ३९ हजार	संघीय सरकार
D	निर्देशिकाको नं ६,MRS-DP कार्यक्रम बिस्तार	५० हजार	संघीय सरकार
E	निर्देशिकाको नं ८,एम एन एच अनसाईड कोचिङ्ग	५० हजार	संघीय सरकार
F	निर्देशिकाको नं १२,प्रसुति ईकाई बाट गर्भवती तथा सुत्केरी महिलाहरुलाई आकस्मिक रेफर	६० हजार	संघीय सरकार
G	निर्देशिकाको नं १३, परिवार नियोजन तथा सेवा ब्यवस्थापन	७० हजार	संघीय सरकार
४	एकिकृत बाल स्वास्थ्य एवं पोषण कार्यक्रम	८ लाख	संघीय सरकार

A	पालिका स्तरमा खोप र सरसफाई प्रवद्धन कार्यक्रमकको समिक्षा सुक्ष्म योजना अध्यावधिक गर्नेर पालिका खोप समन्वय समितिको अभिमुखिकरण समेत पालिका स्तरमा २ दिन, वडा खोप समन्वय समिति स्वास्थ्य सस्थ, स्तरमा अभिमुखिकरण १ दिन तथा पूर्ण खोप सुनिश्चितताका लाथि घरधुरी सर्वेक्षण, भेरिफिकेसन कार्य समेत	२ लाख १५ हजार	संघीय सरकार
B	बाह्य खोप केन्द्रबाट गुणस्तरिय खोप सेवा प्रदान गर्न खोप केन्द्रमा ब्यवस्थापनको गर्ने	४० हजार	संघीय सरकार
C	पोषण कार्यक्रम	४ लाख ४५ हजार	संघीय सरकार
(क)	पालिकास्तरमा पोषण समिक्षा	८० हजार	संघीय सरकार
(ख)	पोष्टर,एफ.एफ. तथा पोषण सचेतना कार्यक्रम	१० हजार	संघीय सरकार
(ग)	पोषण सम्वन्धी राष्ट्रिय दिवसहरु	३० हजार	संघीय सरकार
(घ)	पोषण कर्नर स्थापना	२० हजार	संघीय सरकार

(ङ)	पोषण सामान ढुवानी	१५ हजार	संघीय सरकार
(च)	पोषण कार्यक्रमहरुको अनुगमन	२० हजार	संघीय सरकार
(छ)	विद्यालय स्वास्थ्य तथा पोषण शिक्षा	३० हजार	संघीय सरकार
(ज)	कोभिड १९ पश्चात पोषण अवस्था लेखा जोखा गर्ने	३० हजार	संघीय सरकार
D	समुदायमा आधारित नवजात शिशु तथा बाल तथा बाल रोगको एकीकृत ब्यवस्थापन कार्यक्रमको समिक्षा तथा स्वास्थ्य संस्थामा अनसाईड कोचिङ्ग कार्यक्रम	१ लाख	संघीय सरकार
५	महामारी रोग नियन्त्रण कार्यक्रम	१ लाख	संघीय सरकार
(क)	कोभिड १९ लगायत बिभिन्न महामारीजन्य रोगहरुको रोकथाम तथा निगरानिका लागि सरोकारवालाहरु सगं अर्न्तक्रिया	२५ हजार	संघीय सरकार
(ख)	पशुपंक्षी आदिबाट हुने इन्फुलुन्जा बर्ड फ्लु ए एफ आर,सिस्टीसर्कोसिस, टक्सोपलास्मोसिस आलि बिभिन्न सरुवा रोगको रोकथाम तथा नियन्त्रणका लागि सचेतना कार्यक्रम	२० हजार	संघीय सरकार

(ग)	बिभिन्न सरुवा रोग नसर्ने रोग,जुनोटिक,मानसिक स्वास्थ्य सम्वन्धी अर्न्तक्रिया कार्यक्रम तथा बिभिन्न दिवसहरु	५५ हजार	संघीय सरकार
६	अस्पताल सुधार तथा व्यवस्थापन सुचना प्रणली	२ लाख	संघीय सरकार
(क)	पालिका स्तरमा स्वास्थ्य संस्थाहरुको मासिक सुचना संकलन,भेरिफिकेसन,एव गुणस्तर सुधार चौमासिक तथा बार्षिक समिक्षा	२ लाख	संघीय सरकार
७	राट्रिय स्वास्थ्य शिक्षा सुचना तथा संचार केन्द्र	१ लाख	संघीय सरकार
(क)	बिध्यालय स्वास्थ्य शिक्षा,आमा समुह तथा स्थानीय तहमा स्वास्थ्यका लागि सामाजिक ब्यवहार परिवर्तन प्रवद्धन अभियान	१ लाख	संघीय सरकार
८	उपचरात्मक स्वास्थ्य सेवा कार्यक्रम	१६ लाख	संघीय सरकार
(क)	सामाजिक परिक्षण कार्यक्रम	१ लाख	संघीय सरकार
(ख)	स्वास्थ्य चौकीको न्युन्तम सेवा मापदण्ड कार्यान्वयन, सुदृढिकरण तथा समिक्षा	२ लाख	संघीय सरकार

(ग)	आधारभुत तथा आकस्मिक सेवाको सुनिश्चितको लागि औषधिको आपूर्ति कार्यक्रम	९० हजार	संघीय सरकार
(घ)	औषधि खरिद तथा रिप्याकिङ्ग समेत	१२ लाख १० हजार	संघीय सरकार
९	नर्सिङ्ग तथा सामाजिक सुरक्षा कार्यक्रम	११ लाख	संघीय सरकार
(क)	महिला स्वास्थ्य स्वयम सेविकाहरुलाई पोषाक खर्च	७ लाख ६० हजार	संघीय सरकार
(ख)	म.स्वा.सेबिकाहरुलाई यातायात खर्च	२ लाख २८ हजार	संघीय सरकार
(ग)	महिला स्वास्थ्य स्वयम सेविका दिवस	१० हजार	संघीय सरकार
(घ)	म.स्वा.से.कार्यक्रमको अर्धबार्षिक समिक्षा	१ लाख २ हजार	संघीय सरकार
१०	महिला स्वास्थ्य स्वयम सेविका तथा कर्मचारी प्रोत्साहन	५० हजार	स्थानीय सरकार
११	स्वास्थ्य संस्थाहरुमा कम्प्युटर मर्मत तथा नेट रिचार्ज	२ लाख	स्थानीय सरकार
१२	स्वास्थ्य संस्थाका लागि कार्यालय सञ्चालन खर्च	१ लाख ५० हजार	स्थानीय सरकार
१३	औषधि बितरणका लागि झोला छपाई	५० हजार	स्थानीय सरकार
१४	स्वास्थ्यकर्मीहरुको क्षमता बिकास तालिम	१ लाख	स्थानीय सरकार

१५	घर घरमा सुत्केरी जाँच कार्यक्रम	२ लाख	स्थानीय सरकार
१६	पूर्ण संस्थागत सुत्केरी सुनिश्चितता	५० हजार	स्थानीय सरकार
१७	म.स्वा.सेसिवकाहरुको रिपोर्टिङ्गको लागि यातायात खर्च	५ लाख	स्थानीय सरकार
१८	सुत्केरी पोषण तथा यातायात खर्च	५ लाख	स्थानीय सरकार
१९	आमा समुह गठन तथा रिएक्टीभेट गर्ने	२ लाख	स्थानीय सरकार
२०	कोभिड नियन्त्रण अभियान	२ लाख ५० हजार	स्थानीय सरकार
२१	बर्थिङ्ग सेन्टर स्थापना	५ लाख	स्थानीय सरकार
२२	स्वास्थ्य चौकी ईन्चार्जबाट अनुगमन खर्च	१ लाख २० हजार	स्थानीय सरकार
२३	स्वास्थ्य चौकीहरुको अनुगमन खर्च	३० हजार	स्थानीय सरकार
२४	स्वास्थ्य शाखाका लागि बिबिध खर्च	५० हजार	स्थानीय सरकार
२५	दीर्घ रोगिहरुका लागि औषधि खरिद	५ लाख	स्थानीय सरकार
२६	स्वास्थ्य संस्थाका लागि औषधि खरिद	१० लाख	स्थानीय सरकार
२७	औषधि तथा सामान ढुवानी	५० हजार	स्थानीय सरकार

२८	गर्भवती र अभिभावकबीच अर्न्तक्रिया सासु बुहारी छलफल, पूर्ण स्तनपान, पोषण सचेतना, एच.आइ.भि. सचेतना, सुनौला हजार दिन सम्वन्धी कार्यक्रम	२ लाख ३० हजार	
२९	गाउँघर किल्निक तथा खोप केन्द्रको थप व्यवस्थापन	३ लाख	
३०	शिघ्र कुपोषित बाल बालिकाहरुको घरमा गई खाना तयार गर्ने सीपको बिकास र असल खाना सहयोग गर्ने	५० हजार	

बगनासकाली गाँउपालिकाको स्वास्थ्य सम्बन्धी कार्यक्रमको कार्यान्वयन कार्यबिधि

आ.व. २०७७/०७८

बगनासकाली गाउँपालिकाको स्वास्थ्य शाखाबाट कार्यान्वयन हुने गरी संघीय सरकारबाट हस्तान्तरीत कार्यक्रमको कार्यान्वयन संघीय तथा प्रदेश सरकारबाट हस्तान्तरीत कार्यक्रमको कार्यान्वयन कार्यबिधि प्रदेश सरकारबाट तोकिएको कायक्रम मार्गदर्शन अनुसार कार्यान्वयन गर्नु पर्ने छ भने गाउँपालिकाबाट बिनियोजन भएको कार्यक्रमको कार्यान्वयनका लागि गाउँसभाको निर्णय तथा प्रचलित कानुन बमोजिम तपसिलको कार्यबिधिमा रहेर कार्यान्वयन गर्नु पर्दछ ।

तपसिल :

क्र. स.	कार्यक्रहरुको शिर्षक तथा कार्यान्वयन बिधि	बिनियोजित रकम	कार्यान्वयन गर्ने जिम्मेवारी	कार्यानवयन हुने समय
१	कर्मचारीहरुलाई तलब महंगी भत्ता,पोषाक खर्च ● स्थायी कर्मचारीहरुका लागि स्केल बमोजिम ।	३ करोड ५ लाख	आर्थिक प्रशासन शाखा	मासिक रुपमा
२	क्षयरोग नियन्त्रण कार्यक्रम	२ लाख		
	सि.बि.डटस कार्यक्रम : ● सेवाग्राहीले नियमित औषधि खाए नखाएको र म.स्वा.सेविकाले नियमित बिरामीको घरमा गई औषधि खुवाएको नखुवाएको अनुमन गर्न स्वास्थ्यकर्मीलाई प्रति बिरामी रु ५०० उपलब्ध हुने । ● उपचार अवधि भर सेवा दिए बापत म.स्व.सेविकलाई एकमुष्ठ रु १५०० दिने ।	२४ हजार	स्वास्थ्य शाखा	वार्षिक रुपमा

	क्षयरोग चौमासिक गोष्ठी : ● औषधि ढुवानी गर्ने । ● फर्म,फर्मेटहरुको छपाई वा फोटोकपी गर्ने । ● आवश्यक स्टेशनरी उपलब्ध गराउने । ● ई.टि.बि. रजिस्टर अध्याधिक गर्ने ● क्षयरोगको चौमासिक रुपमा कोहर्ट बिश्लेषण गर्ने । ● कार्यक्रमको नियमित अनुगमन गर्ने । ● बिश्व क्षयरोग दिवस मनाउने ।	१ लाख ६७ हजार	स्वास्थ्य शाखा	चौमासिक रुपमा
	आर्थिक स्थिती कमजोर भएका पुन उपचार पोषण ● आर्थिक स्थिती कमजोर भएको एकिन गर्ने । ● पुन उपचारको कागजातहरु पेश गर्ने । ● यातायात र पोषण खर्च प्रति महिना रु ५०० उपलब्ध गराउने । ● सम्पर्क परिक्षणमा खटिए बापत प्रति दिन रु ७०० दिन सकिने । ● खकार संकलन यातायात प्रति केश रु २०० दिन सकिने ।	९ हजार	स्वास्थ्य शाखा	वार्षिक रुपमा
३	परिवार कल्याण कार्यक्रम	१७ लाख	सीता गौतम	अर्धवार्षिक रुपमा

	मातृ तथा नवशिशु कार्यक्रम अर्न्तगत आमा सुरक्षा,गर्भवती उत्प्रेरणा सेवा न्यानो झोला र निशुल्क गर्भपतन सेवा : ● संस्थागत सुत्केरी रु २००० उपलब्ध गराउने ● प्रोटोकल अनुसार गर्भ जाँच गरेबापत रु ८०० संस्थागत सुत्केरी भए पछि उपलब्ध गराउने । ● स्वास्थ्य सस्थामा सुत्केरी भए बापत ब्यवस्थान अनुदान प्रति सुत्केरी रु १००० स्वास्थ्य संस्थालाई उपलब्ध गराउने । ● न्यानो झोला प्रति सुत्केरी १ सेट उपलब्ध गराउने । ● सुत्केरीको आर्थिक अवस्था कमजोर भएमा र अन्य स्वास्थ्य संस्थामा सुत्केरी भई न्यानो झोला नपाएका आमाहरुलाई पि.एन.सि.पहिलो भेटमा १ सेट न्यानो झोला उपलब्ध गराउने । ● भिटामिन के र अक्सीटोसिन औषधि खरिद गर्ने । ● न्यानो झोला खरिद गर्ने । ● गर्भपतन सोध भर्ना रकम प्रति केश रु ८०० दिने र उक्त रकममा सेवा प्रदायकलाई २० प्रतिशत र का.स. लाई १० प्रतिशत दिन सकिने । ● रात्रीकालिन सेवाको भत्ता दिने ।	६९५ हजार	सीता गौतम	
	मातृ तथा नवशिशु कार्यक्रम	१० लाख ५ हजार		

A	मातृ तथा नवशिशु कार्यक्रम अर्न्तगत निर्देशिकाको नं २, पालिकामा PNC भेट कार्यक्रम ● सुत्केरी भएको २४ घण्टामा स्वास्थ्य संस्थामा नै आमा र बच्चाको परिक्षण गर्ने । ● सुत्केरी भएको ३ दिन र ७ दिनमा सुत्केरीको घरमा नै गएर आमा र बच्चाको परिक्षण जव एड अनुसार गर्ने । ● सुत्केरीको आर्थिक अवस्था कमजोर भएको र अन्य स्वास्थ्य संस्थामा सुत्केरी हुदा न्यानो झोला नपाएका आमाहरुलाई पहिलो भेटमा न्यानो झोला १ सेट उपलब्ध गराउने । ● सेवा प्रदायकले सुत्केरीहरुको घर घरमा जादा यातायात खर्च एक पटकमा रु १२५ का दरले आतेजाते रु २५० उपलब्ध हुने । ● फोन सम्पर्कबाट सेवा दिएको भए ६ महिनाको लागि फोन खर्च रु ५०० उपलब्ध गराउने । ● घर भेटको प्रतिबेदन,भ्रमण आदेश फारम र स्वास्थ्य चौकीको भुक्तानी समायोजनका साथ सिफारिसका आधारमा भुक्तानी हुने ।	१ लाख १६ हजार	सीता गौतम	
B	निर्देशिकाको नं ३, आमा सुरक्षा प्रजन्न स्वास्थ्य कार्यक्रमहरुको अनुगमन : ● गा.पा.बाट अनुगमन गर्ने । ● सेवाका बारेमा सेवाग्राही सगँ अर्न्तबार्ता लिने । ● चेक लिस्टको प्रयोग गर्ने । ● गा.पा.मा प्रतिबेदन गर्ने ।	२० हजार	सीता गौतम	चौमासिक

C	निर्देशिकाको नं ३,अ.न.मी. करार नियुक्ति : ● कार्यापालिकाको निणर्य अनुसार करार अ.न.मी.को मासिक तलब भुक्तानी दिने ।	६ लाख ३९ हजार	आर्थिक प्रशासन शाखा	
D	निर्देशिकाको नं ६, MRSDP कार्यक्रम बिस्तार : ● स्वास्थ्य कार्यालयको अभिमुखिकरण पछि यो कार्यक्रम लागु गर्ने । ● १२ बर्ष देखि ५५ बर्ष सम्मका महिलाहरुको मृत्यु भएमा त्यसको कारण खोजि ,पत्ता लगाई पुन अर्को महिलाको मृत्य हुन नदिन जनचेतनाको अभिबृद्धि गर्ने । ● पालिकामा स्वास्थ्यकर्मी तथा म.स्वा. सेविकाहरुलाई अभिमुखिकरण गर्ने । ● केश स्क्रेनिङ्ग,रिर्पोटिङ्ग तथा जनचेतनाका लागि तोकिए अनुसार भुक्तानी दिने (स्क्रेनिङ्ग रु १०००,प्रतिबेदन रु५०० र जनचेतनाप्रति कार्यक्रम रु२००००)	५० हजार	सीता गौतम	

E	निर्देशिकाको नं ८, एम एन एच अनसाईड कोचिङ्ग : ● कार्यक्रमको फोकल पर्सन स्वास्थ्य शाखाको नर्सिङ्ग स्टाफ हुने । ● बर्थिङ्ग सेन्टरमा चसञ्चालन गर्ने । ● MNH Clinical Mentor को सहयोग लिने । ● बिषयगत ज्ञान र सीपको अनसाईड कोचिङ्ग गर्ने । ● संक्रमण रोकथामको तालिम दिने । ● DAG क्षेत्रको स्वास्थ्य संस्थाको छनौट गर्ने । ● बर्थिङ्ग सेन्टर ५ वटा सम्म भए २ स्थानमा र से भन्दा बढि भए ३ स्था(नमा अनसाईड कोचिङ्ग सञ्चालन गर्ने ।	५० हजार	सीता गौतम	
F	निर्देशिकाको नं १२,प्रसुति ईकाई बाट गर्भवती तथा सुत्केरी महिलाहरुलाई आकस्मिक रेफर : ● गर्भवती तथा सुत्केरीलाई आकस्मिक रुपमा बर्थिङ्ग सेन्टरबाट रेफर गर्ने । ● प्रेषण खर्चको दररेट निर्धारण गर्ने । ● प्रेषण गर्दा एम्बुलेन्स खर्च नि(जकको CEONC अस्पताल सम्मको भुक्तानी दिने । ● सेवाग्राहीको भरपाई । ● स्वास्थ्य संस्थाको सिफारिस । ● नागरिकको फोटोकपी ।	६० हजार		

G	निर्देशिकाको नं १३,परिवार नियोजन तथा सेवा व्यवस्थापन : ● लामो अवधीको परिवार नियोजकको सेवाग्राही बढाउने । ● सेवाग्राहीलाई पारिश्रमिक उपलब्ध गराउने । ● स्याटेलाईट किल्निक सञ्चालन गर्ने । ● स्याटेलाइर्ट सेवा सञ्चालन गर्दा पहुँच भन्दा टाडा रहेको क्षेत्रलाई लक्षित गर्ने । ● तोकिएको समयमा ३ पटक सम्म सेवा दिने । ● आमा समुह,म.स्वा.सेविकाहरु सगँ समन्वय गर्ने । ● आंग खस्ने महिलाहरुको समस्यालाई ध्यानमा राखि रिंग पेसरी सेवा सहित भि.आई.ए. शिविर सञ्चालन गर्ने ।	७० हजार	सीता गौतम	
४	एकीकृत बाल स्वास्थ्य एवं पोषण कार्यक्रम	८ लाख		
A	पालिकास्तरमा खोप र सरसफाई प्रवद्धन कार्यक्रमकको समिक्षा सुक्ष्म योजना अध्यावधिक गर्नेर पालिका खोप समन्वय समितिको अभिमुखिकरण समेत पालिका स्तरमा २ दिन,वडा खोप समन्वय समिति स्वास्थ्य सस्था,स्तरमा अभिमुखिकरण १ दिन तथा पूर्ण खोप सुनिश्चितताका लाथि घरधुरी सर्वेक्षण,भेरिफिकेसन कार्य समेत	२ लाख १५ हजार	उमा भट्टराई	

B	बाह्य खोप केन्द्रबाट गुणस्तरिय खोप सेवा प्रदान गर्न खोप केन्द्रमा व्यवस्थापनको गर्ने : ● एउटा खोप केन्द्रमा रु १०००० का दरले ४ वटा केन्द्रलाई टेवल १ थान,कुर्चि १ थान र हात धुने सेट १ थान उपलब्ध गराउने ।	४० हजार	स्टोर शाखा	
C	पोषण कार्यक्रम	४ लाख ४५ हजार	सुआहाराको समन्वयमा स्वास्थ्य शाखा	
(क)	पालिकास्तरमा पोषण समिक्षा : ● पहिलो चौमासिकमा २ दिन र दोस्रो चौमासिकमा २ दिन स्वास्थ्य पोषण कार्यक्रमहरुको समिक्षा गर्ने । ● सहभागीहरुमा गाउँपालिकाको प्रमुख उप प्रमुख,प्रमुख प्रशासकीय अधिकृत र सम्पूर्ण शाखा प्रमुखहरु ● स्वास्थ्य चौकीबाट २ जना पोषण फोकल पर्सन सहित ।	८० हजार	सुआहाराको समन्वयमा स्वास्थ्य शाखा	दोस्रो चौमासिक
(ख)	पोष्टर, एफ.एफ. तथा पोषण सचेतना कार्यक्रम : ● असल खाना सम्वन्धी १९ वटा सन्देशहरु एफ.एम बाट प्रशारण गर्ने । ● सन्देशहरुलाई पोष्टर फेलेक्स बनाई सार्वजनिक स्थानमा राख्ने ।	१० हजार		दोस्रो चौमासिक
(ग)	पोषण सम्बन्धी राष्ट्रिय दिवसहरु : ● विद्यालय स्वास्थ्य शिक्षा तथा पोषण सप्ताह सञ्चालन गर्ने । ● आयोडिन महिना(फेब्रुअरी) मनाउने,स्नतपान सप्ताह ।	३० हजार	स्वास्थ्य शाखा	स्वास्थ्य शिक्षा मासिक रुपमा

(घ)	पोषण कर्नर स्थापना : ● स्वास्थ्य संस्थामा पिरामिड आकारको स्तम्भ बनाई ७ प्रकारका खानाहरुको प्रर्दशन गर्ने ।	२० हजार		दोस्रो चौमासिक
(ङ)	पोषण सामान ढुवानी : ● पोषणसगँ सम्वन्धीत सामानहरुको ढुवानी गर्ने ।	१५ हजार		
(च)	पोषण कार्यक्रमहरुको अनुगमन : ● अनुगमनको कार्य योजना तयार गर्ने । ● भ्रमण आदेश स्वीकृत गर्ने । ● पोषण कार्यक्रममा तोकिएको चेकलिस्टका आधारमा अनुगमन गर्ने । ● कार्यक्रमका बारेमा सेवाग्राही सगँ अर्न्तबाता लिने ।	२० हजार		
(छ)	विद्यालय स्वास्थ्य तथा पोषण शिक्षा : ● शिक्षक, म.स्वा.सेविकाहरु र स्वास्थ्यकर्मीहरुलाई १ दिनको पोषण अभिमुखिकरण गर्ने ।	३० हजार		दोस्रो चौमासिक
(ज)	कोभिड १९ पश्चात पोषण अवस्था लेखा जोखा गर्ने : ● स्वास्थ्य संस्था प्रमुखहरु र महिला स्वास्थ्य स्वयम सेविकाहरु सगँ छलफल गर्ने । ● ६ महिना देखि ५ वर्ष सम्मका बाल बालिकाहरुको पोषण अवस्था बारे लेखाजोखा जोखा गर्ने (पाखुराको नाप)	३० हजार		तेस्रो चौमासिक

D	समुदायमा आधारित नवजात शिशु तथा बाल रोगको एकीकृत ब्यवस्थापन कार्यक्रमको समिक्षा तथा स्वास्थ्य संस्थाहरुमा अनसाईड कोचिङ्ग कार्यक्रम : ● स्वास्थ्य कार्यालय तथा सहयोगी संस्था सुआहारा कार्यक्रम सगँ समन्वय गर्ने । ● स्वास्थ्य कार्यालयबाट फोकल पर्सनलाई तालिम प्राप्त भए पछि यो कार्यक्रम सञ्चालन हुने । ● यो कार्यक्रमको गत आ.व.को बिभिन्न स्वास्थ्य संस्थाहरुको प्रगति के कसो छ ? र समस्याहरु के कस्तो छ ? भन्ने जानकारी पाए पछि कुन कुन स्वास्थ्य संस्थामा अनसाईड कोचिङ्ग आवश्यक छ एकिन गर्ने र अनसाईड कोचिङ्गको योजना तयार गर्ने । ● स्वास्थ्य संस्थामा अनसाईड कोचिङ्ग IMNCI Coaching guid-line स्वास्थ्य संस्थाहरुमा कोचिङ्ग गर्ने ।	१ लाख	सरोज काफले	पौष माघ
५	महामारी रोग नियन्त्रण कार्यक्रम :	१ लाख	स्वास्थ्य शाखा	
(क)	कोभिड १९ लगायत बिभिन्न महामारीजन्य रोगहरुको रोकथाम तथा निगरानिका लागि सरोकारवालाहरु सगं अर्न्तक्रिया : ● कार्यालय प्रमुख सगँ प्रस्तावाना स्वीकृत गराएर आर्थिक नियमानुसार कार्यक्रम सम्पन्न गर्ने ।	२५ हजार		दोस्रो चौमासिक

(ख)	पशुपंक्षी आदिबाट हुने इन्फ्लुन्जा बर्ड फ्लु ए एम आर,सिस्टीसर्कोसिस,टक्सोप लास्मोसिस अनि बिभिन्न सरुवा रोगको रोकथाम तथा नियन्त्रणका लागि सचेतना कार्यक्रम : ● कार्यालय प्रमुख सगँ प्रपोजल स्वीकृत गराएर कार्यक्रम गर्ने ।	२० हजार		तेस्रो चौमासिक
(ग)	बिभिन्न सरुवा रोग नसर्ने रोग, जुनोटिक, मानसिक स्वास्थ्य सम्वन्धी अर्न्तक्रिया कार्यक्रम तथा बिभिन्न दिवसहरु : ● कार्यालय प्रमुख सगँ कार्यक्रम स्वीकृत गराएर कार्यक्रम गर्ने ।	५५ हजार	श्रीजना चापागाई	दोस्रो चौमासिक
६	अस्पताल सुधार तथा व्यवस्थापन सुचना प्रणाली	२ लाख		
(क)	पालिका स्तरमा स्वास्थ्य संस्थाहरुको मासिक सुचना संकलन, भेरिफिकेसन,एव गुणस्तर सुधार चौमासिक तथा बार्षिक समिक्षा : ● स्वास्थ्य संस्थाहरुको मासिक,चौमासिक तथा बार्षिक प्रगतिको समिक्षा गर्ने । ● मासिक रुपमा DHIS2 मा प्रतिबेदन भएको हुनु पर्ने । ● डाटाको भेरिफिकेसन हुनु पर्ने ।	२ लाख	स्वास्थ्य शाखा	मासिक रुपमा
७	राष्ट्रिय स्वास्थ्य शिक्षा सुचना तथा संचार केन्द्र :	१ लाख		

(क)	बिध्यालय स्वास्थ्य शिक्षा,आमा समुह तथा स्थानीय तहमा स्वास्थ्यका लागि सामाजिक व्यवहार परिवर्तन प्रवद्धन अभियान : ● बिध्यालय स्वास्थ्य शिक्षामा कक्षा ६ देखि कक्षा १२ सम्मका बिध्यार्थिहरुलाई स्वास्थ्य शिक्षा दिने । ● शिक्षा शाखा तथा बिध्यालय सगँ समन्वय गर्ने ● बिध्यालयमा स्वास्थ्य परिक्षण गरी निशुल्क औषधी बितरण गर्ने । ● बिध्यालयका स्वास्थ्य शिक्षा तथा सामाजिक बिषय शिक्षकहरुलाई स्वास्थ्य कार्यक्रमहरुको नीति लक्ष स्वास्थ्य सेवाहरु बारे जानकारी दिने । ● स्वास्थ्य शिक्षाको बिषय छनौट गर्दा,स्वास्थ्य मन्त्रालयले तोकेको बर्तमान समस्या सरसफाई जस्ता बिषयमा स्वास्थ्य शिक्षा दिने ।	१ लाख		
८	उपचरात्मक स्वास्थ्य सेवा कार्यक्रम	१६ लाख		
(क)	सामाजिक परिक्षण कार्यक्रम : ● स्वास्थ्य क्षेत्रमा सामाजिक जवाफदेहिताका लागि संघीय मार्गदर्शन २०७६ अनुसारको चरणहरु पुरा गरेका तेस्रो पक्षले यो कार्यक्रम गर्न निबेदन दिन पाउनेछन । ● सामाजिक परिक्षण गर्दा गा.पा. सगँको सम्झौता अनुसार हुने ।	१ लाख	स्वास्थ्य शाखा	तेस्रो चौमासिक

(ख)	स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यान्वयन,सुदृढिकरण तथा समिक्षा : ● स्वास्थ्य कार्यालयले अभिमुखिकरण गरे पछि यो कार्यक्रम स्थानीय तहमा सञ्चालन हुने । ● स्वास्थ्य चौकीको न्युनतम मापदण्ड सम्वन्धी सुचकहरुको आधारमा पालिका स्तरिय समिक्षा हुने । ● न्युनतम मापदण्ड समवन्धी बर्षको २ पटक फलोअप गर्नु पर्ने । ● न्युनतम मापदण्ड कार्यक्रमबाट समस्या पहिचान गरी समस्या समाधानका लागि आवश्यक औजार,उपकरण,लगायतका अत्याव(श्यक अन्य सामानहरु खरिद गर्ने । ● कार्यक्रमको फलोअप गर्दा देखा परेका समस्याहरुका बारेमा समिति तथा आम नागरिकहरुलाई जानकारी दिने ।	२ लाख		दोस्रो चौमासिक
(ग)	आधारभुत तथा आकस्मिक सेवाको सुनिश्चितताको लागि औषधीको आपूर्ति कार्यक्रम : ● औषधीको आपूर्तिमा सहज हुने । ● औषधीको अनुगमन तथा भण्डारको अनुगमन हुने ।	९० हजार	स्वास्थ्य शाखा	

(घ)	औषधीको खरिद तथा रिप्याकिङ्ग समेत : ● वार्षिक खरिद योजना तयार गर्ने । ● Specification Bank को सहयोगमा औषधीको सुचि तयार गर्ने । ● स्वास्थ्य कार्यालयबाट उपलब्ध हुने औषधीको एकिन गरी खरिद योजना बनाउने । ● पि.पि.ई खरिद गर्न नपाईने । ● सार्वजनिक खरिद ऐन ,नियमावली तथा प्रचलित कानुन बमोजिम प्रतिस्पर्धा गराई खरिद गर्ने ।	१२ लाख १० हजार	स्वास्थ्य शाखा	
९	नर्सिङ्ग तथा सामाजिक सुरक्षा कार्यक्रम	११ लाख		
(क)	महिला स्वास्थ्य स्वयम सेविकाहरुलाई पोषाक खर्च : ● महिला स्वास्थ्य स्वयम सेविकाहरुलाई प्रति म.स्वा.से. रु १०,०००(दश हजार मात्र) का दरले एकमुष्ठ रुपमा रकम उपलब्ध गराउने ,रकम उपलब्ध गराउदन बैंक तथा सोझै नगद दिने । ● स्वास्थ्य संस्थाको सिफारिसमा मात्र रकम उपलब्ध गराउने ।	७ लाख ६० हजार	सीता गौतम	
(ख)	म.स्वा.सेविकाहरुलाई यातायात खर्च : ● वार्षिक रुपमा रु ३००० यात(ायात खर्च उपलब्ध गराउने । ● यातायात खर्च बितरण गर्नु अगाडि स्वास्थ्य चौकी प्रमुखले कुनै एक बिषयमा स्वास्थ्य शिक्षाको मोडेल सिकाए पछि कम्तीमा १ वटा आमा समुहमा छलफल गरेको प्रमाणित तथा सिफारिस स्वास्थ्य संस्थाले दिए पछि मात्र भुक्तानी दिने ।	२ लाख २८ हजार	सीता गौतम	

(ग)	महिला स्वास्थ्य स्वयम सेविका दिवस : ● डिसेम्वर ५ तारिकमा म.स्वा.सेविकाहरुको सम्मान गर्ने तथा सम्मान स्वरुप कार्यक्रम गर्ने	१० हजार	स्वास्थ्य चौकी	
(घ)	म.स्वा.से.कार्यक्रमको अर्धबार्षिक समिक्षा : ● प्रत्यक स्वास्थ्य संस्थामा म.स्वा.सेविकाहरुको बर्षमा २ पटक ६ । ६ महिनामा म.स्वा.से कार्यक्रहरुको समिक्षा गर्ने ।	१ लाख २ हजार	सीता गौतम	
१०	महिला स्वास्थ्य स्वयम सेविका तथा कर्मचारी प्रोत्साहन : ● बगनासकाली गाउँपालिकाको प्रत्यक वडाको १ जना म.स्वा.से.लाई स्वा.चौ सञ्चालन तथा व्यवस्थापन समितिको सिफारिसका आधारमा सम्मान गर्ने । ● कर्मचारीहरुको हदमा स्वास्थ्य सेवाका कर्मचारीहरु, कार्यालय सहयागी समेतमा उत्कृष्ट कार्य सम्पादनको आधारमा गाउँपालिकाको कर्मचारी मुल्याङ्कन समितिको निणर्य अनुसार सम्मान तथा पुरस्कार प्रदान गर्ने । ● स्वास्थ्य संस्थाहरुको समग्र कार्यक्रमहरुको प्रगतिको आधारम प्रथम हुने संस्थालाई सम्मान गर्ने । ● पुरस्कृतहरुको लागि सभा व्यवस्थापन,पुरस्कार रकम ,यातायात खर्च बजेटको परिधिमा रहि गर्ने ।	५० हजार	स्वास्थ्य शाखा	

११	स्वास्थ्य संस्थाहरुमा कम्प्युटर मर्मत तथा नेट रिचार्ज : ● स्वास्थ्य संस्थाहको कम्प्युटर बिग्रेमा गा.पा.मा मर्मतका लागि माग गर्ने । ● कार्यालय प्रमुखको स्वीकृतीमा मर्मत गर्ने । ● कम्प्युटरका लागि एन्टिभाईरस खरिद गर्ने । ● स्वास्थ्य संस्थाको लागि नेट रिचार्ज खर्च दिने ।	२ लाख	स्वास्थ्य शाखा स्टोर शाखा	
१२	स्वास्थ्य संस्थाका लागि कार्यालय सञ्चालन खर्च : ● स्वास्थ्य संस्थाहरुका लागि कार्यालय सञ्चालन गर्न आवश्यक सामानहरुको माग संकलन गर्ने । ● सार्वजनिक खरिद ऐन तथा नियम(ावली अनुसार खरिद गर्ने । ● स्वास्थ्य संस्थाहरुको माग अनुसार खरिद संभव भएका सामानहरु स्वास्थ्य संस्थामा पुर्याउने ।	१ लाख ५० हजार	स्वास्थ्य शाखा	
१३	औषधी बितरणका लागि झोला छपाई : वातावरणीय सरसफाईको लागि औषधी बितरण गर्दा कागज तथा फाईबरको झोला उपलब्ध गराउने ।	५० हजार	स्वास्थ्य शाखा	
१४	स्वास्थ्यकर्मीहरुको क्षमता बिकास तालिम: ● स्वास्थ्य सुचना प्रणालीलाई व्यवस्थित गर्न डि.एच.आई एस. २ सम्वन्धी तालिम सञ्चालन गर्ने । ● कम्प्युटर तालिम तथा स्वास्थ्य सेवाल(ाई गुणस्तरिय गराउने खालका क्षमताा बिकास सम्वन्धी तालिम गर्ने । ● बजेटको परिधिमा रहि कार्यालय प्रमुख बाट प्रस्तावाना स्वीकृत गराएर कार्यक्रम सञ्चालन गर्ने ।	१ लाख	स्वास्थ्य शाखा	

१५	घर घरमा सुत्केरी जाँच कार्यक्रम : ● बगनासकाली गाउँपालिका भित्रका सुत्केरी आमाहरुलाई सुत्केरी भएको ३ दिन र ७ दिनमा आमा तथा नवजात शिशुको जाँचकालागि, स्वास्थ्यकर्मी नर्सिङ्ग स्टाफले सेवाग्राहीको घरमा नै गएर जाँच गर्ने । ● सुत्केरीको घरमा जादा, कार्यालयमा हाजिर भई स्वास्थ्य चौकी प्रमुखको आदेश लिएर मात्र जाने । ● आमा तथा नवजात शिशुको जाँचको प्रतिबेदन स्वास्थ्य चौकीमा पेश गर्नु पर्ने । ● स्वास्थ्य जाचँ गर्दा नवजात शिशु तथा सुत्केरी जाचँको प्रोटोकल अनुसार सार्वजनिक बिदा भए पनि गर्नु पर्दछ । ● फिल्डमा जाने नर्सिङ्ग स्वास्थ्यकर्मीलाई यातायात खर्च एक पटकमा रु १२५ का दरले एक भेटको आतेजाते रु २५० नगदै स्वास्थ्य चौकीको सिफारीस अनुसार दिने । ● कार्यक्रमबारे नर्सिङ्ग स्वास्थ्यकर्मीलाइ अभिमुखिकरण तथा समिक्षा गर्ने । ● सुत्केरी जाचँको भुक्तानीका लागि मासिक रिर्पोटमा अनिबार्य प्रतिबेदन गरेको हुनु पर्ने अन्यथा भुक्तानी नहुने ।	२ लाख	सीता गौतम	
१६	पूर्ण संस्थागत सुत्केरी सुनिश्चितता : ● सुत्केरी हुन स्वास्थ्य संस्थामा नै गएको कम्तीमा ९५ प्रतिशत हुन पर्ने । ● म.स्वा.सेविहरु सगँ छलफल गर्ने । ● स्वास्थ्य चौकी ब्यवस्थापन समितिबाट शुन्य होम डेलिभरीको निरन्तरताको सुनिश्चित गरेको माईन्युट हुनु पर्ने । ● पूर्ण संसथागत सुत्केरी हुन नसकेमा पूर्ण संथागत गराउनका लागि जनचेतनाको अभिबद्धि गर्ने ।	५० हजार	सीता गौतम	

१७	म.स्वा.सेविकाहरुको रिपोर्टिङ्गको लागि यातायात खर्च : ● प्रत्यक म.स्वा.सेबिकाहरुलाई स्वास्थ्य संस्थामा प्रतिबेदन पेश गरे बापत यातायात खर्च प्रति महिना रु ५०० उपलब्ध गराउने । ● स्वास्थ्य सस्थामा उपस्थित भई प्रतिबेदन पेश गरेको आधारमा यातायात खर्च रकम नगद दिने । ● म.स्वां स्वयं सेबिकाको घरभेट अनुगमन गाउँपालिकाले गरी काममा थप प्रोत्साहित गर्न गर्ने । ● भुक्तानीका लागि प्रत्यक म.स्वा.से ले स्वास्थ्य संस्थामा प्रतिबेदन पेश गरी नियमित बैठकको हाजिरी र संयुक्त प्रतिबेदनको प्रतिलिपि दिनु पर्ने ● बजेटको सिमामा रहि म.स्वा.सेविकाहरुलाई प्रतिबेदन दिएको दिन बैठक बस्दा खाजा उपलब्ध गराउन सकिने ।	५ लाख	सीता गौतम	

१८	सुत्केरी पोषण तथा यातायात खर्च : ● बगनासकाली गाउँपालिका भित्रका सुत्केरीहरुलाई पोषण खर्च उपलब्ध गराउनका लागि,गर्भवती अवस्थामा प्रोटोकल अनुसार ४ पटक जाँच गरी स्वास्थ्य सस्थामा सुत्केरी भएको प्रमाणको आधारमा प्रति सुत्केरी पोषण तथा यातायात खर्च रु १५०० नगदै दिने । ● गर्भवती अवस्थामा बगनासकाली गाउँपालिकाको स्वास्थ्य संस्थामा प्रोटोकल अनुसार ४ पटक जाँच गरेको कार्डको फोटोकपी हुनु पर्ने । ● बगनासकाली गाउँपालिकामा अस्थायी ठेगाना भए पनि गर्भवती अवस्थामा प्रोटोकल अनुसार सम्पूर्ण स्वास्थ्य सेवा बगनासकाली गाउ(ँपालिका भित्रको स्वास्थ्य संस्थामा सेवा लिएको भए निजलाई पनि सुत्केरी यातायात तथा पोषण खर्च उपलब्ध गराउने । ● स्वास्थ्य संस्थामा सुत्केरी भई प्राप्त बर्थ सर्टिफिकेटको फोटोकपी पेश गर्नु पर्ने । ● सुत्केरी भएको ४२ दिन सम्म प्रसुति कै समस्याले अस्पतालमा पुन भर्ना हुन परेमा पून यातायात तथा पोषण खर्च रु १५०० उपलब्ध गराउने त्यसका लागि अस्पतालले दिएको डिस्चार्ज समरीको फोटोकपी, नागरिकताको फोटोकपी हुनु पर्ने । ● स्वास्थ्यचौकीको सिफारिस अनिबार्य हुनु पर्ने ।	५ लाख	सीता गौतम	

१९	आमा समुह गठन तथा रिएक्टीभेट गर्ने : ● साविकका वडाहरुमा पायकलाई ध्यान दिएर आवश्यकता अनुसार आमा समुह गठन गर्ने । ● साविकका वडाहरुमा कम्तीमा १ वटा स्वास्थ्य आमा समुह गठन गर्ने । पुरानो स्वास्थ्य आमा समुह भएका सक्रिय गराउने । ● स्वास्थ्य आमा समुहमा २० बर्ष माथीका किशोरीहरु, गर्भवती,सुत्केरी तथा सुनौला हजार दिनका आमाहरु तथा ४५ बर्ष सम्मका महिलाहरु सदस्य हुनेछन । ● आमा समुहमा महिनामा १ पटक अनिबार्य बैठक बस्ने । ● एउटा आमा समुहमा १५ जना देखि ३० जना सदस्य रहनेछन सो भन्दा बढि सदस्य भएमा भेकलाई मिल(ाई अर्को आमा समुह गठन गर्न सकिनेछ । ● आमा समुहका सदस्यहरुको उमेर हद समाप्त भए पछि स्वत सल्लाकार सदस्य हुनेछन । ● आमा समुहमा स्वास्थ्य संस्थाबाट स्वास्थ्य शिक्षा कार्यक्रम महिनामा १ पटक अनिबार्य सञ्चालन गर्ने । ● स्वास्थ्य आमा समुहलाई निरन्तर गा.पा.बाट आवश्यक सहयोग गर्ने । ● स्वास्थ्य आमा समुहको गठन,रियक्टीभेट तथा स्वास्थ्य शिक्षा दिए बापत पारिश्रमिक उपलब्ध गराउने । ● आमा समुहलाई आवश्यक पर्ने साम(ानहरु उपलब्ध गराउने । ● आमा समुहमा महिला स्वास्थ्य स्वास्थ्य स्वयम सेविकाहरुबाट सचिब चयन गर्ने । यदि म.स्वा.सेविकाले सचिब चलाउन नसक्ने भएमा आमा समुहको बैठकबाट अर्को सचिब चयन गर्न सक्ने ।	२ लाख	स्वास्थ्य शाखा सीता गौतम	

२०	कोभिड नियन्त्रण अभियान : ● कोभिड १९ नियन्त्रणको लागि प्रचार प्रसारका सामाग्री व्यवस्थापन गर्ने । ● कोभिड नियन्त्रणका लागि टोलटोलमा स्वास्थ्य सचेतना तथा माईकिङ्ग गर्ने । ● बिध्यालय स्वास्थ्य शिक्षा दिने । ● कोभिड नियन्त्रण सम्वन्धी अर्न्तक्रिया कार्यक्रम सञ्चालन गर्ने । ● कोभिड नियन्त्रण सम्वन्धी आमा समुहमा स्वास्थ्य शिक्षा दिने । ● स्वास्थ्य सुरक्षाका सामानहरु खरिद गर्ने ।	२ लाख ५० हजार	स्वास्थ्य शाखा	
२१	बर्थिङ्ग सेन्टर स्थापना : ● बर्थिङ्ग लागि आवश्यक साम(ानहरु स्वास्थ्य चौकीको माग अनुसार व्यवस्थापन गर्ने । ● सार्बजनिक खरिद ऐन तथा नियावली अनुसार खरिद गर्ने ।	५ लाख	स्वास्थ्य चौकी स्वास्थ्य शाखा स्टोर शाखा	
२२	स्वास्थ्य चौकी ईन्चार्जबाट अनुगमन खर्च ● स्वास्थ्य संस्था प्रमुखहरुलाई आफ्नो कार्यक्षेत्रको बस्तीहरुमा स्वास्थ्यका नियमित कार्यक्रमहरुको अनुगमनका लागि मासिक रुपमा प्रति संस्था प्रमुखलाई बढिमा रु १००० (एक हजार सम्म दिने ● स्वास्थ्य संस्थाको सेवा क्षेत्रमा सञ्चालन भएका कार्यक्रहरुको अनुगमन तथा कार्यान्वयनका लागि खटिदा, प्रति कार्यक्रम पारिश्रमिक तथा यातायात खर्च प्रदान गर्ने । ● समुदायमा स्वास्थ्य सम्वन्धी कार्यक्रमको अनुगमन गर्दा सेवाको प्रभावकारीता र समस्याहरुको प्रतिबेदन गर्नुं पर्ने ।	१ लाख २० हजार	स्वास्थ्य चौकी प्रमुख	

२३	स्वास्थ्य चौकीहरुको अनुगमन खर्च : ● गाउँपालिकाबाट स्वास्थ्य संस्थाहरुको अनुगमन गर्ने । ● स्वास्थ्य सस्थाहरुको अवस्थाको बारेमा प्रतिबेदन पेश गर्नु पर्ने । ● समस्या समाधानका लागि पहल गर्ने ।	३० हजार	गा.पा. स्वास्थ्य शाखा	
२४	स्वास्थ्य शाखाका लागि विविध खर्च : ● भैपरी आउने काम तथा सामानहरुको व्यवस्थापन गर्ने । ● कार्यालय प्रमुखको आदेशमा मात्र खर्च गर्ने ।	५० हजार	स्वास्थ्य शाखा	
२५	दीर्घ रोगिहरुका लागि औषधि खरिद : ● आ.व.२०७७/०७८ का लागि तपसिलका रोगीहरुलाई तपसिलको औषधिहरु स्वास्थ्य संस्थाहरुबाट नि:शुल्क उपलब्ध गराउने । ➢ रक्तचापका लागि Amlodipine मधुमेहका लागि Metformine ● औषधि वितरणका लागि कुन बिरामीले कुन औषाधि खाने हो,त्यसको सुनिशि(चतता गरी स्वास्थयकर्मीहरुबाट निशुल्क बितरण गर्ने । ● औषधि बुझेको रेकर्डको राख्ने । ● नियमित औषधि बितरणको हदमा,बिरामी बगनासकाली गाउँप(ालिका भित्रको हुनु पर्नेछ यदि,बिरामी बाहिरको भएमा र औषधि तत्कालै दिनु पर्ने छ भने व्यवस्थापन मात्रा(Maintance Dose)दिएर उचित परार्मश दिनु पर्नेछ । ● स्वास्थ्य सस्थामा नेबुलाईजरको व्यवस्थापन गरी सेवा निशुल्क दिने । ● मधुमेहको स्क्रेनिङ्ग स्वरुप ग्लुकोमिटर बाट सेवा नि:शुल्क दिने । ● नसर्ने रोग सम्वन्धी सचेतिकरण अभियान गर्ने । ● कार्यक्रमको अभिमुखिकरण तथा समिक्षा गर्ने ।	५ लाख	स्वास्थ्य चौकी स्वास्थ्य शाखा	

२६	स्वास्थ्य संस्थाका लागि औषधि खरिद : ● स्वास्थ्य सस्थाहरुलाई अत्यावश्यक औषधि तथा उपकरण उपलब्ध गराउन,खरीद प्रकृया अनुसार खरीद गर्ने ।	१० लाख	स्टोर शाखा स्वास्थ्य शाखा	
२७	औषधि तथा सामान ढुवानी : ● स्वास्थ्य सस्थाका लागि औषधि रिप्याकिङ्ग गर्ने । ● औषधि स्वास्थ्य संस्थामा पुर्याउने ।	५० हजार	उमा भट्टराई	
२८	गर्भवती र अभिभावक बीच अर्न्तक्रिया,सासु बुहारी छलफल,पूर्ण स्तनपान,पोषण सचेतना,एच.आइ.भि. सचेतना,सुनौला हजार दिन सम्वन्धी कार्यक्रम : ● समुदायहरुमा स्वास्थ्यका सन्देश सहितका कार्यक्रमहरु सञ्चालन गर्दा स्वास्थ्य आमा समुहमा सञ्चालन गर्ने । ● सुनौलो हजार दिनका आमाहरुलाई कार्यक्रमले लक्षित गर्नु पर्ने । ● सहयोगी सघं सस्थाहरु सगँ समन्वय र सहकार्य गर्ने । ● कार्यक्रमको व्यवस्थापन स्वास्थ्य चौकीले गर्ने र आर्थिक व्यवस्थापन गा.पा. ले गर्ने । ● सुनौलो हजार दिनका परिवारका सदस्यहरुलाई सुनौलो हजार दिनको महत्वको बारेमा जानकारी दिने । ● सासु बुहारी छलफल कार्यक्रम गर्ने ।	२ लाख ३० हजार	सीता गौतम	

२९	गाउँघर किल्निक तथा खोप केन्द्रको थप व्यवस्थापन : ● स्वास्थ्य संस्थाहरु बाट माग संकलन गर्ने । ● बजेटको परिधिमा रहि खरिद प्रकृया अनुसार खरिद गरी स्वास्थ्य संस्थाहरुलाई सामान उपलब्ध गराउने ।	३ लाख	स्वास्थ्य चौकी स्वास्थ्य शाखा स्टोर शाखा	
३०	शिघ्र कुपोषित बाल बालिकाहरुको घरमा गई खाना तयार गर्ने सीपको बिकास र असल खाना सहयोग गर्ने : ● कुपोषित बालबालिकाहरुको तथ्याङ्क संकलन गर्ने ● स्वास्थ्य चौकीको व्यवस्थापनमा आमा समुह सगँ समन्वय गर्ने । ● कुपोषित बाल बालिकाहरुको घरमा बैठकको आयोजना गर्ने । ● सर्वोत्तम पिठो तथा असल खाना तयार गरी खाना प्रर्दशन गरी स्वास्थ्य शिक्षा दिने । ● कुपोषित बच्चाको घरपरिवारको आर्थिक अवस्था कमजोर भएका पोषण सामानहरु हस्तान्तरण गर्ने । ● स्वास्थ्य आमा समुहमा स्वास्थ्य शिक्षा सञ्चालन गर्ने तथा असल खाना प्रदर्शनमा खटिने कर्मचारीलाई न्युनतम पारीश्रमिक उपलब्ध गराउने ।	५० हजार	स्वास्थ्य शाखा	

आज्ञाले

सुरेश घिमिरे

प्रमुख प्रशासकीय अधिकृत